# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५ ] काठमाडौं मार्ग २० गते २०१२ [ संख्या १५


## कानूनविभाग

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छः—

## २०१२ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबलगोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इन चीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र-वीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानामसदा समर विजयिनाम।



आधिकारिकता-मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राष्ट्र बैंक–गठन गर्नेको निमित्त बनेको ऐन

नेपाली नोट निष्काशनको सुप्रबन्ध गर्नु राज्यभर नेपाली मुद्रा चलन चलितमा ल्याउने सुव्यवस्था मिलाउनु तथा नेपाली मुद्रा विनिमय दरमा स्थीरता कायम राख्नु परेकोले,

विकाशका निमित्त पूजीलाई गतिशील बनाई राज्यको उद्योग धन्दालाई समेत प्रोत्साहन दिनु परेकोले र,

नेपालमा बैंक प्रथाको विकाश गराउनु परेकोले समेत एउटा राष्ट्र–बैंकको नितान्त आवश्यक परेको हुँदा श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः—

[१] यो ऐनको नाम नेपाल राष्ट्र–बैंक ऐन, २०१२ रहेको छ

[२] यो ऐन नेपाल भर मुलुक लागू हुनेछ।

[३] परिच्छेद १, २, र ४ तुरुन्तै लागू हुनेछन् र परिच्छेद ३ का कुराहरू सरकारले नेपाल गजेटमा प्रकाश गरेका मति मितिका सूचना अनुसार लागू हुनेछन्।

२. परिभाषाः— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा देहायका शब्दहरूको अर्थ देहायबमोजिम हुनेछ।

[१] बैंक— यस ऐन अनुसार स्थापित भएको नेपाल राष्ट्र बैंक।

[२] समिति— राष्ट्र बैंक संचालन गर्न गठित भएको संचालकहरूको समिति।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[३] विदेशी मुद्रा— नेपाली मुद्राबाहेक अरू देशको मुद्रा।

[४] प्रतिपत्र— एक बैंकले अर्को बैंकको नाममा फलानाको यति रुपैयाँले खामिसम्मको चेक, ड्राफ्ट वा हुन्डीहरू स्वीकार गर्नू भनी लेखेको पत्र।

[५] सेक्यूरीटी— नेपाल वा विदेशी सरकारको ऋणपत्र।

[६] बिल अफ् एक्सचेन्ज— फलाना मितिमा वा मागेका बखत फलानालाई वा निजले दिनू भनेकालाई वा सो लिई आउनेलाई बिना सर्त यति रुपैयाँ दिनू भनी कुनै एकले अर्कोलाई दस्तखत गरिदिएको लेखोट,

[७] प्रमीसरी नोट्— फलाना मितिमा वा मागेका बखत फलानालाई वा निजले दिनू भनेकालाई बिना सर्त दिन्छु भनी वादा गरिदिएको लेखोट।

[८] सरकार नेपाल सरकार।

## परिच्छेद २

## स्थापना, मूलधन, व्यवस्था र गठन

३. स्थापना:—

[१] नेपाल सरकारले सरकारको नोट निष्काशन सम्बन्धी काम गर्न र यस ऐनका दफाहरू अनुसार बैंक सम्बन्धी कारवाई समेत गर्नाको निमित्त नेपाल राष्ट्र-बैंक नामको एउटा बैंक स्थापित हुनेछ।

[२] यो बैंकको प्रधान कार्यालय काठमाण्डूमा रहने छ।

[३] यस बैंकको काम काज, लेनदेन हर हिसाब तथा मुद्दा मामिला गर्दा नेपाल राष्ट्र-बैंकका नाममा गरिने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[४] यो बैंकको कामलाई नेपाल राष्ट्र–बैंक नामको छाप चलाउने छ ।

४. बैंकको मूलधनः — यो बैंकको मूलधन एक करोड् रहनेछ र दरकार परेमा संचालक समितिको सिफारीस उपर विचार गरी सरकारले थपमा थप घट गर्न सक्नेछ ।

५. व्यवस्थाः—

[१] बैंकका गभर्नरको राय बुझी सरकारले राष्ट्र हितका लागि आवश्यक ठहऱ्याएको निर्देश दिने छ ।

[२] उपर्युक्त सरकारी निर्देशको अनुसरण गरी बैंक संचालन गर्ने र यस ऐन अन्तर्गत बैंकले गर्नु पर्ने सबै कार्य सम्पादन गर्नेसमेत समस्त कार्यभार संचालक समितिमा रहनेछ ।

[३] माथि उपदफा [२] मा उल्लेख गरिएका काम गर्न संचालक समितिले नियम बनाउने छ त्यस नियमबमोजिम सञ्चालक समितिको रेखदेख र निर्देशना रही उक्त समितिले पाएको अख्तियार गभर्नरले सञ्चालन गर्न पाउने छन् । बैंकको काम सुचारु रूपले चलाउन निज गभर्नरले आफूले पाएको कामको अख्तियारी आफ्नो जवाफदेहीमा आफू मनिका कर्मचारीलाई सुम्पन सक्नेछन् ।

६. गठनः — (१) देहायमा लेखिएबमोजिम पाँच जना सदस्यहरूको एक सञ्चालक समिति गठन हुनेछ ।

(क) एक जना गभर्नर र

(ख) चार जना सञ्चालक ।

(२) बैंकका गभर्नर तीन वर्षको अवधिका निम्ति सरकारबाट नियुक्त गरिनेछ सो अवधि सकिएपछि सरकारले मनासिब ठहऱ्याएमा निजको पुनर्नियुक्ति गर्न सक्नेछ निजको तलब भत्ता सरकारबाट तोकिदिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) माथि उपदफा १ (ख) मा उल्लिखित सञ्चालकहरू पनि सरकारबाट दुई वर्षको अवधिका निमित्त नियुक्त हुनेछन्। यी सञ्चालकहरूले सभामा उपस्थित भएका दिन सरकारबाट तोकी दिएबमोजिम फिस पाउने छन्। प्रत्येक वर्ष यी चार जना मध्ये एकजना गोला प्रथाद्वारा रीटायर्ड हुनेछन् र रीक्तस्थान सरकारद्वारा पूर्ति गरिने छ। रीटायर्ड भएका सञ्चालकलाई सरकारले फेरि नियुक्त गर्न सक्नेछ।

७. गभर्नर, र सञ्चालकको अयोग्यता: —

(१) देहायका अवस्थामा कुनै व्यक्ति सञ्चालक हुन, रहन पाउने छैन।

(क) टाट उल्टेको, वा।

(ख) बहुलाएको, वा

(ग) कुनै पनि बैंकका अफिसर वा कर्मचारीको पदमा बहाल रहेको, वा

(घ) अरू बैंकको सञ्चालक भइरहेको, वा

(ङ) विधान सभाको सदस्य मुकरर भएको।

(२) एउटै कम्पनीका साझेदार वा एउटै कम्पनीका सञ्चालक भैरहेका कुनै पनि दुई जना साझेदार वा सञ्चालक यस बैंकको सञ्चालक हुन सक्ने छैनन्।

[३] माथि उपदफा [१] र [ ] मा लेखिएका अयोग्यताका अवस्था मध्ये [ग] र [घ] बाहेक अरू अवस्था गभर्नर हुन वा रहनामा पनि लागू हुने छन्।

८. कायम मुकायम.— बिरामी परी, बिदामा बसी वा अरू कार्यकारण परी केही समयसम्म गभर्नरले बैंकको काम दिन नसक्ने भएमा सरकारले निजको ठाउँमा कायम मुकायम खटाउने छ। त्यस्तो अवस्था परी आएमा संचालकको ठाउँमा पनि सरकारले कायम मुकाम खटाउने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **खाली खाल्सा:—**

[१] समितिको अनुमतिविना कुनै सदस्य लगातार तीन पटक समितिको सभामा उपस्थित नभएमा संचालकको पदबाट हटाइने छ।

(२) सरकारले कार्यकारण परेमा गभर्नर वा सञ्चालकलाई बर्खास्त गर्न सक्नेछ।

(३) समितिका जुन सुकै सदस्यले सरकार छेउ राजीनामा पेश गर्न सक्ने छन्। राजीनामा स्वीकृति भएपछि निजको स्थान रीक्त हुनेछ।

(४) माथि उपदफा [१] [२] र [३] मा लेखिएको अवस्था परी रीक्त हुन आएको स्थानमा सरकारले योग्य व्यक्ति नियुक्ति गर्नेछ तर यस्तो व्यक्तिको नियुक्ति साबिकवालाको बाँकी रहेको अवधिको निमित्त मात्र हुनेछ।

१०. **समितिको सभा:—**

(१) सञ्चालक समितिको सभा चाहिएका बखत गभर्नरका तजबीजले बोलाइनेछ। तर यस्तो सभा कमसेकम वर्षको ६ पटक र कमसेकम तीन महीनाको १ पटक बोलाइनु पर्छ।

(२) गभर्नरसमेत कमसेकम तीन जना सदस्य नभई सभा गर्नु हुँदैन। सोभन्दा बढी भए पनि नियमपूरक संख्या (कोरम) पुगी बसेको सभाको निर्णय सञ्चालक समितिको निर्णय मानिनेछ।

(३) कमसेकम दुइजना संचालकले लिखित अनुरोध गरेमा गभर्नरले जुन सुकै बखत पनि सभा बोलाउनु पर्नेछ।

(६) गभर्नर वा का. मु. गभर्नरको सभापतित्वमा समितिको सभा हुनेछ।

(५) पक्ष विपक्षको मत बराबर भएमा गभर्नरले निर्णायक मतको (कास्टीङ भोट) प्रयोग गर्न सक्नेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. संचालक समितिलाई मुलतवी राख्ने सरकारको अख्तियार:—

(१) यस ऐनबमोजिम गर्नुपर्ने काम गर्न असमर्थ ठहराएमा सरकारले नेपाल गजेटमा प्रकाश गरि संचालक समितिलाई मुलतवी राखी त्यसको ठाउँमा यस ऐनबमोजिम बैंक सञ्चालन गर्न कुनै व्यक्ति वा संस्थालाई मुकर्रर गर्न सक्नेछ। त्यस्ता व्यक्ति वा संस्थाले यस ऐनबमोजिम संञ्चालक समितिले पाएको सबै अधिकार प्रयोग गर्न पाउने छन्।

(२) तर यसो गरी सकेपछि सरकारले यसो गर्नुपर्नेको कारण खोली संसद् भएमा संसद् नभएमा श्री ५ महाराजाधिराजका हजुरमा बढी से बढी तीन महीनाभित्र विस्तृत विवरण पेश गर्नुपर्नेछ।

१२. सरकार र बैंकको सम्बन्ध:— यो बैंक नेपाल सरकारको अर्थ विभाग मातहत हुनाले यस ऐनबमोजिम सरकारको राय वा स्वीकृति लिनु पर्दा अर्थ विभाग मार्फत लिनु पर्ने छ।

१३. नोट विभाग र बैंक विभागको पृथक्करण:—

(१) यो बैंकका नोट विभाग र बैंक विभाग दुई छुट्टिना छुट्टिनै अंग हुने छन्। नोट निष्काशन सम्बन्धी काम नोट विभागबाट र अरू सबै काम बैंक-विभागबाट हुने छन्। नोट विभागको सम्पतिबाट नोट विभागको बाहेक अरू विभागको नोक्सानी भर्न भराउन पाइने छैन।

(२) अहिले चलन चल्तीमा रहेका र पछि निष्काशन हुने नेपाली नोटको तिरो भरो गर्ने जवाफदेही नोट विभागको हुनेछ।

१४. बैंकको हरहिसाब तथ काम कारवाइको रिपोर्ट:—

(१) सरकारले नेपाल गजेटमा प्रकाश गरी दिएका नियमबमोजिम बैंकले आफ्नो मासिक रिपोर्ट सरकारमा पेश गर्नुपर्ने छ। सरकारले पनि यस्तो बैंकको विवरण नियमीत रूपले गजेटमा प्रकाश गर्नु पर्नेछ।

(२) वार्षिक—वर्ष अन्त भएको दुइ महीनाभित्र बैंकको गभर्नर र मुख्य एकाउन्टेन्टको सही परेको र आडिटरले रुजुत प्रमाणित गरेको वार्षिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरु हिसाब तथा बैंकको वर्ष भरको काम काज बारे समितिले तयार पारेको रिपोर्ट सरकार छेउ पेश गर्नु पर्नेछ. यस्तो हरहिसाब तथा रिपोर्ट नेपाल गजेटमा सरकारद्वारा प्रकाशित हुनेछ।

१५ कृषि कर्जा शाखा:— कृषि कर्जा सम्बन्धी समस्याको अध्ययनका निमित्त बैंकले एउटा कृषि कर्जा शाखा खोल्नेछ।

१६. शाखा प्रशाखा:— बैंकले आफ्नो काम सुचारुरूपले चाहिएका बखत नेपाल राज्यभर ठाउँ ठाउँमा शाखा खोल्न सक्नेछ। नेपाल बाहिर भारत वा अन्य मुलुकमा शाखा खोल्नु परेमा सरकारको अनुमति लिनुपर्छ। खोलिएका शाखा बन्द गर्नु परेमा पनि सरकारको अनुमति नलि बन्द गर्नु हुदैन।

१७. समितिको नियम बनाउने अधिकार:—

(१) यस ऐनमा लेखिएका कुराहरु कार्यान्वित गर्न सञ्चालक समितिले सरकारको स्वीकृति लिई नियम बनाउन सक्नेछ।

(२) माथि उपदफा [१] मा उल्लेख गरेको समितिको नियम बनाउने सामान्य अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी खास गरेर देहायका कुनै वा सबै विषयमा सञ्चालक समितिले नियम बनाउन सक्नेछ।

[क] सञ्चालक समितिले गर्ने कामको तरिका र समितिको सभाको कार्यविधि बारे,

[ख] संचालक समितिले गभर्नर र गभर्नरले आफू मुनिका कर्मचारीलाई अख्तियारी सुम्पने बारे,

[ग] चाहिएका बखत संचालक समितिले उप—समिति गठन गर्ने र त्यस्ता उप—समितिको कार्यविधि बारे;

[घ] बैंकका अफिसर तथा कर्मचारीको नियुक्ति बहाली, प्रमोशन, बर्खासी, तलब भत्ता, पेन्सन, बिदा आचरण अनुशासन इत्यादि र गठन बारे,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ङ] ऐन सवालको रीत पुऱ्याई बैंक तर्फबाट गरिने पट्टा कबुलियत सम्बन्धी शर्त बारे ।

[च] बैंकको छाप चलाउने कार्य विधिबारे ।

[छ] बैंकको हरहिसाब तथा ब्यालेन्ससीट राख्ने तयार गर्ने ढाँचा बारे ।

[ज] नेपालमा रजिष्टर्ड भएका बैंकहरुको यस बैंकसंगको सम्बन्ध र यस्ता बैंकहरुले पेश गर्नु पर्ने रिपोर्ट विवरण बारे ।

[झ] हराएको; चोरीएको, च्यातिएको नोटको बसट्टा नयाँ दिने बारे र

[ञ] साधारणतः बैंक कारवाई सुचारु रुपले चलाउने बारे ।

## परिच्छेद ३.

## काम कारवाई

१८. नोट निष्काशनः—

[१] नोट निष्काशनगर्ने बारे २०१२।१।१६।२ को लालमोहरका नियम अनुसार नेपाली नोट चलन चलतीमा ल्याउने एकाधिकार यो नेपाल राष्ट्र–बैंकलाई हुने छ । यो दफा लागूभएपछि सरकारले आफै नोट निष्काशन गर्ने छैन सरकार र बैंकले निर्धारित गरेको अवधि सम्म सरकारले छापी राखेका नोट सरकारबाट लिई सरकारको स्वीकृति प्राप्त गरी यस बैंकले निष्काशन गर्ने छ। सो अवधि नाघेपछि बैंकले आफै नोट छापी सरकारको स्वीकृति लिई निष्काशन गर्ने छ। बैंक द्वारा निष्काशन गरिएका नोटको भुक्तानी बैंकले दिन नसकेमा तत्सम्बन्धी जवाफदेही सरकारको हुने छ ।

[२] यो ऐन प्रारम्भ हुनु मन्दा अघि सरकारले चलन चलतीमा निकालेका नोटको दायित्व यस बैंकमा सारिने हुनाले सो निष्काशित नोटको सुरक्षण [रिजर्भ] वापत रहेको सम्पती पनि यस बैंकको नोट विभागमा सारिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[३] हाललाई यस बैंकले एक रुपैयाँ, पाँच रुपैयाँ, दस रुपैयाँ र सय रुपैयाँ दरको नोट निकाल्ने छ। संचालक समितिले मनासिब ठह्र्याएमा सरकारको स्वीकृति लिई अन्य दरका नोट पनि बैंकले निकाल्न सक्ने छ।

[४] नोटको चित्र, आकार, र कागज संचालक समितिका सिफारिस उपर विचार गरी सरकारले निर्णय गरिदिएबमोजिम निर्धारित हुने छन्।

[५] यस बैंकद्वारा निष्काशन गरिएका नोट नेपाल राज्यभर लेनदेनको व्यवहारमा नोटमा अंकित रकमको निमित्त कानून ग्राह्य [लिगल टेण्डर] हुने छन्।

[६] संचालक समितिको राय लिई सरकारले गजेटमा सूचना प्रकाश गरी जुनसुकै दरको पनि नोट [निर्धारित नियमानुसार कुनै तोकिएको ठाउँ वा अड्डामा बाहेक अन्यत्र नचल्न गराउन सक्तछ।

[७] च्यातिएको मेटिएको अथवा कुच्रिएको नोट बैंकले पुनः निष्काशन गर्ने छैन।

[८] कुनै दर वा दरहरूको नोटको साटो अरू दर वा दरहरूको नोट अथवा नोटको साटो रुपैयाँ वा रुपैयाँको साटो नोट कसैले साट्न आएमा बैंकले तुरुन्त सटही गरी दिनु पर्दछ। नोटको साटो रुपैयाँ सटही गरी दिने कामको निमित्त चाहिने रुपैयाँ बैंकले नोट दिई सरकारबाट लिनेछ। बैंकको मागबमोजिम सरकारबाट बैंकलाई रुपैयाँ प्राप्त नभएमा बैंकले नोटको साटो रुपैयाँ सटही गरी दिनकरलाग्ने छैन।

(९) यसविषयमा अरू ऐन सवाल नियममा जेसुकै लेखिएको भएता पनि हराएको, चोरिएको वा च्यातिएको नोटको सरकार वा बैंकबाट सट्टा भर्ना पाउने हक कुनै व्यक्तिको हुनेछैन तर यस बारेमा नियम बनाई सरकारको स्वीकृति लिई बैंकले तदनुसार मुनासिब माफिक सट्टा भर्ना दिन सक्ने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. सरकारी कारवार:—

(१) यस बैंकले सरकारलाई आर्थिक विषयमा सल्लाह दिने छ ।

(२) सरकार र बैंकको मन्जूरनामा मुताबिक सरकारको समस्त आम्दानीको रकमबिना ब्याज यस बैंकमा जम्मा रहने छ र यसरी जम्मा हुन आएको रकमले ल्हामे सम्म सरकारको आदेशानुसार बैंकले भुक्तानी दिने, सटही गर्ने, रुपैयाँ पठाउने इत्यादि बैंक बिषयक कारबार गर्नेछ।

तर यो बैंकको शाखा वा एजेन्ट नभएका ठाउँमा सरकारले आफु-खुशी अरूनै बैंक वा अड्डा मार्फत उपरोक्त कारवार गर्ने छ ।

२०. पूँजीको परिचालन र राष्ट्र ऋणको व्यवस्था:—

(१) यस बैंकले मुलुकको विकाशका निमित्त पूँजी र संचित धनलाई गति शील गराउने प्रयत्न गर्ने छ

(२) सरकार र बैंकले मंजूर गरेका शर्तमा राष्ट ऋण सम्बन्धी समस्त कार्य यसै बैंकद्वारा सम्पादन हुनेछ ।

(३) मंजूरनामा गर्ने शर्तमा सरकार र बैंकको मतभेद भएमा सरकारले तोकिदिएका शर्तबमोजिम बैंकले काम गर्नु पर्ने छ

२१. विदेशी विनिमय:— बैंकको राय बुझी सरकारले तोकिदिएको सटही दरमा नेपाली र विदेशी मुद्रा सटही गर्ने कारबारको एकाधिकार यस बैंकलाई प्राप्त हुनेछ। विदेशी मुद्रा नियन्त्रण गर्ने बारे बैंकको राय लिई सरकारले नियम बनाई जारी गर्ने छ।

२२. उधारको (क्रेडीट) नियन्त्रण:— सरकारको निर्देशानुसार यस बैंकले उधार (क्रेडीट) को नियन्त्रण गर्ने प्रयास गर्ने छ । उधार नियन्त्रण गर्ने बारे बैंकको राय लिई सरकारले नियम बनाई जरी गर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. बैंक धन्दालाई प्रोत्साहन.—

(१) नेपाल बैंक धन्दालाई विकसित र नियमित गराउन यस बैंकले यथा सम्भव प्रयास गर्नेछ।

(२) सरकार र राष्ट्रबैंकले निर्धारण गरेका नीति र नियम अनुसार अरु बैंकहरूले यस बैंकमा नगद मौज्दात राख्नु पर्नेछ।

(३) आवश्यक परेमा यस बैंकले आफ्ना तजवीजले तल लेखिएबमोजिमको धीतो लिई परस्परमा मंजूर गरिएका शर्तमा नेपालमा स्थापित भएका अरु बैंकलाई कर्जा दिन सक्ने छ।

(क) नेपाल सरकार वा अन्य विदेशी सरकारको सिक्यूरीटी प्रमीसरी नोट,

(ख) सुनाचाँदी वा सुना चाँदीका गर गहना,

(ग) बिल अफ एक्सचेञ्ज।

(४) यस बैंकले बनाईदिएका नियमानुसार तोकिएका समय समयमा अरु बैंकहरूले रीपोट विवरणहरू यस बैंकमा पठाउनु पर्छ। कमसेकम वर्षको एक पटक यस बैंकले अरु बैंकको निरीक्षण गर्नेछ।

(५) माथि उपदफा (२) र (४) मा लेखिएबमोजिम अरु बैंकहरूले नगरेमा वा गर्न नदिएमा यस बैंकले यस बारे सरकारको स्वीकृति लिई जारी गरेको नियमानुसार दण्ड तिर्नु पर्नेछ।

२४. उद्योग धन्दालाई प्रोत्साहन.—सरकार तथा बैंक दुवैले मनासिब ठहऱ्याएमा बैंकले यथेष्ट जमानत लिई खानी, रेल्वे, सडक सिमेन्ट आदि उद्योग धन्दाका निमित्त मुनासिब माफिकको रकम सापट दिन सक्ने छ।

२५ अरुकारवाई :—माथि दफा दफामा लेखिएका काम कारबाई बाहेक यस बैंकले देहायमा लेखिएका कारबार गर्ने अधिकार पाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) सरकारका अतिरिक्त अरू व्यक्ति वा संस्थाका नाममा बिना ब्याज खाता खोल्ने ।

(२) चेक, ड्राफ्ट, हुन्डी दिने लिने ।

(३) बट्टा लिई बिल अफ एक्सचेन्जको पुनः भुक्तान (रिडिस्काउन्ट) दिने

(४) बैंकको आय जेथा धीतो बन्धक राखी आफ्नो मूल धनको अंक नबढाई अरु संग सापट लिने ।

(५) कृषि सहकारी संस्थ हरूलाई मुनासिब शर्तमा सापट दिने ।

(६) नेपाल सरकार वा अन्य सरकारको सिक्यूरिटी प्रमिशरी नोट खरिद बिक्री गर्ने र तिनको साँवा ब्याज उठाउने समेत

[७] सरकार र बैंकको निमित्त प्रतीत पत्र [लेटर अफ क्रेडिट] दिने चलाउने ।

[८] सुन, चाँदी, गिन्नी, असर्फी खरीद बिक्री गर्ने ।

[९] नेपाल राज्यभर तथा विदेशमा हुन्डी तार आदिद्वारा रुपैयाँ पठाउने झिकाउने ।

[१०] नेपाल सरकारलाई जरुरत परेमा सरकार र बैंकले मन्जूर गरेको शर्तमा चार महिनाभित्र चुक्ती गर्ने गरी सापट दिने ।

[११] देहायका कामका निमित्त सरकारको एजेन्ट बन्ने ।

[क] सिक्यूरिटी, प्रमीशरी, नोट खरीद बिक्री गर्ने ।

[ख] सुन, चाँदी, गिन्नी, असर्फि खरीद बिक्री गर्ने ।

[१२] असूल गर्नुपर्ने रकम बापत बैंकको कब्जामा पर्न आएको चल वा अचल आय जेथा लिने र बिक्री गर्ने ।

[१३] नेपाल राज्य बाहिरका कुनै बैंक वा मुद्रा चलाउने प्रमुख अधिकारी वा अन्तरराष्ट्रीय बैंकमा खाता खोल्ने । तिनको एजेन्ट बन्ने र अन्तर राष्ट्रीय बैंकको शेयर लिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[१४] यस ऐनबमोजिम गर्नुपर्ने कार्य सम्पादन गर्दा अथवा पाएको अधिकार प्रयोगगर्दा परिआउने अरु जो चाहिने काम गर्ने ।

१६. बैंकले गर्न कर नलाग्ने काम:— यो बैंक देहायका काम गर्ने बाध्य हुने छैन।

[१] बाँकी रकम असूल गर्नु परेमा बाहेक अरु कुनै अवस्थामा कुनै पनि व्यापारी औद्योगिक वा अरु किसिमका संस्थासँग सोझै सम्बन्ध राख्न वा व्यापरमा संलग्न हुन ।

[२] कुनै बैंक वा कम्पनीको शेयर खरीद गर्न अथवा यस्तो शेयर धीतो लिई रुपैयाँ सापट दिन।

[३] बैंकको अफिस अथवा बैंकका कर्मचारी बस्ने घरका निमित्त आवश्यक परेमा बाहेक अरु अवस्थामा जग्गा जमीन घर आदि अचल सम्पत्ति धीतो लिई कर्जा दिन।

[४] विना धीतो कर्जा वा सापटी दिन।

[५] गुठीको शेष जमानत लिई कर्जा दिन।

[६] बाहेका बखत तुरुन्त भुक्तानी दिनुपर्ने बील दिन या लिन।

## परिच्छेद ४

## विविध

१७. अडिटर [१] सरकारले बैंकको हर हीसाब जाँच्न कमसेकम दुईजना अडिटरहरु [लेखा परिक्षक] नियुक्त गर्ने छ र तिनीहरुको फीस सरकारले तोकिदिएबमोजिम हुनेछ।

[२] सरकारले चाहेमा जुनसुकै बखत विशेष अडिटरद्वारा बैंकको हरहिसाब जचाउन सक्नेछ।

[३] हरएक अडिटरलाई बैंकले आफ्नो वार्षिक ब्यालेन्ससीटको एक प्रति दिनु पर्नेछ र अडिटरले तत्सम्बन्धी भाउचर र कागजात सहित बैंकको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरहिसाब जाच्नु पर्नेछ। बैंकले राखेका बहीखाताको फिरिस्त प्रत्येक अडिटरलाई दिइने छ र अडिटरले चाहेमा बैंकका जुनसुकै बहीखाता तथा तत्सम्बन्धी कागजात पनि हेर्न पाउनेछ। कामको निमित्त मद्दत चाहिएमा अडिटरले आफनो एकाउन्टेन्ट वा अरु कसैलाई काममा लगाउन पाउनेछ। हरहिसाब जाच्ने सिलसिलामा अडिटरले बैंकका जुनसुकै संचालक वा अफिसर बुझ्न पाउनेछ।

[४] माथि उपदफा [३] मा लेखिएबमोजिम हिसाब जाँच सकेपछि अडिटरले आफनो रिपोटमा देहायका कुराको स्पष्ट उल्लेख गरी सरकार छेउ रिपोट पेश गर्नु पर्नेछ।

[क] बैंकले तयार गरेको ब्यालेन्ससीटमा पर्नुपर्ने कुरा परेको छ छैन र सो ब्यालेन्ससीटले बैंकको यथार्थ हालत व्यक्त गर्छ गर्दैन।

[ख] हर हिसाब नियमीत छ छैन, र

[ग] सोधनी गरिएका कुराको संतोषजनक उत्तर पाएको छ छैन।

२८. लाभ हानीः— हरएक आर्थिक बर्षको अन्त्यमा हुन आएको मुनाफाबाट रिजर्भ डिप्रिशिएसन र बैंकको भै परी आउने कामको निमित्त समेत जो चाहिने काम संचालक समितिको तजबीजले परसारी सकेपछि बाँकि रहन आएको रकम सरकार दाखिल गरीनेछ। कथं कदाचित नोक्सानी हुन आएमा त्यसको सरकारबाट पूर्ति हुनेछ।

२९. हानी नोक्सानी बारे अधिकारीहरुको जवाफदेहीः— यस बैंकका गभर्नर, संचालक; कर्मचारीहरुले पाएको अख्तियारीबमोजिम कामकाज गर्दा बेइमानी चिताएको वा जानी जानी भूल बेहीसाब भएको रहेनछ भने पर्न आएको हानि नोक्सानीको निजहरु व्यक्तिगत तवरले जवाफदेही हुने छैनन्। तर कसैले यो ऐन वा सो अन्तर्गत बनेको नियम प्रतिकूल काम गरेबाट जरिवाना भएमा निजहरुले खुदै बेहोर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. विघटन :—यो राष्ट्र–बैंक सरकारको आदेश विना विघटन हुने छैन । विघटन हुनु परेमा सरकारले यस विषय दिएको निर्णयबमोजिम हुनेछ ।

३१. संशोधन:—यस ऐनमा संशोधन गर्न परेमा संशोधन गर्न आवश्यक परेको कारण खुलाई संचालक समितिले सरकारमा आवश्यक सुझाव पेश गरी सरकारबाट निकासा भएबमोजिम गर्नु पर्नेछ ।

इति सम्वत् २०१२ साल कार्तिक १८ गते रोज १ शुभम्—

आज्ञाले

रानबहादुर बिष्ट

सेक्रेटरी—

कानून तथा संसदिय प्रबन्ध विभाग

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२८